## प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

# फोटो कथा

२०२०



USAID
अमेरिकी जनताबाट

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# सहकार्यबाट सम्भव छ

*बालबालिकाको पढाइमा शिक्षक र अभिभावकको सक्रिय संलग्नताले नै चाहेको प्रगति हासिल गर्न योगदान पुऱ्याउँछ*





विद्यालय पुग्न ढिलो नहोस् भनेर साजन चौधरी हतारिँदै मुख धुन घरअगाडिको हाते कलतिर जान्छन् । दिन खुलेको छ र कञ्चनपुरमा अवस्थित थारु समुदाय पनि आफ्नो दिनचर्या सुरु गर्न हस्याङफस्याङ गरिरहेका देखिन्छन् ।







बिहानको काम छिट्टै भ्याएपछि कक्षा तीनमा पढ्ने साजन साइकल चढेर विद्यालयतिर लाग्छन्, जहाँ रङ्गीचङ्गी किताब र रमाइला क्रियाकलाप उनको प्रतिक्षामा हुन्छन् । साजन र उनका साथीहरूका लागि विद्यालय एक रमाइलो स्थान हो ।

सुरुसुरुमा, पाठ पढ्न गाह्रो महसुस गर्ने साजनले अहिले उल्लेखनीय प्रगति गरेका छन् । पढाइमा निकै लगाव भए तापनि, उनी कतिपय शब्द र वाक्यमा अड्किन्थे । उनकी आमा पशुपती चौधरीका अनुसार "साजन निकै बिस्तारै पढ्ने गर्थे । उनले अक्षरहरू त चिनेका थिए तर ती अक्षरलाई मिलाएर शब्दहरू बनाउन उनलाई गाह्रो हुन्थ्यो ।"



देशभरिका विद्यालयहरूमा नेपाली भाषा नै शिक्षण सिकाइको माध्यमको रुपमा प्रयोग गरिन्छ । तर थारु समुदायमा जन्मे हुर्केका र आफ्नो घरमा थारू मातृभाषामा बोल्ने गरेका साजनजस्ता अन्य धेरै बालबालिकालाई नेपालीमा पढ्न र बोल्न गाह्रो हुन्छ ।

उसै पनि अलि लजालु स्वभाव भएका साजनको पढाइमा परम्परागत शिक्षण विधिको प्रयोगले खासै प्रगति हुन सकिरहेको थिएन, जुन विधिमा शिक्षकहरूद्वारा एकोहोरो अध्यापन र प्राय: एउटा मात्रै पाठ्यपुस्तकको प्रयोग गरिन्थ्यो ।


मि
ख
र
USAID

नेपालभरिका समस्त सामुदायिक विद्यालयहरूका कक्षा एकदेखि तीन सम्मका विद्यार्थीहरूको पठनपाठन स्तर सुधारको लक्ष्यका साथ सन् २०१४ मा सुरु भएको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम साजनजस्ता बालबालिकाहरूका लागि वरदान भएको छ ।

कञ्चनपुरमा सन् २०१६ देखि कार्यान्वयन भएको यस कार्यक्रमले साजनको विद्यालयमा शिक्षणका नयाँ तरिकाको अभ्यास सुरु भयो, जुन पठनतत्त्वमा आधारित, रङ्गिन चित्रसहितका किताबहरूको प्रयोग र अन्तरक्रियात्मक क्रियाकलापजस्ता विशेषतामा केन्द्रित छ ।

साजनको विद्यालय त्यस्तै अरु ५,००० विद्यालयमध्ये पर्दछ, जहाँ युएसएआइडीको सहयोगमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा लागु गरिएको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन भएको छ । युएसएआइडीको प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले १६ जिल्लामा कार्यक्रमको कार्यान्वयनमा नेपाल सरकारलाई प्राविधिक सहयोग प्रदान गरेको छ ।






"बालबालिकाका लागि कक्षा रोचक र अन्तर्क्रियात्मक बनाउन मैले धेरै क्रियाकलाप समावेश गरेको छु, जसले गर्दा ९० मिनेटको कक्षाले पनि अचेल बालबालिकाको मन अघाउँदैन । यी क्रियाकलापले मेरा विद्यार्थीलाई विषयवस्तु राम्ररी बुझ्न र दिगो सिकाइमा सहयोग पुर्‍याएका छन् ।" साजनकी नेपाली शिक्षक कौशिला ओली भन्छिन्, जसले कार्यक्रमबाट १० दिने प्रशिक्षणका साथै शैक्षणिक सामग्रीहरू पनि प्राप्त गरेकी छिन् ।

कौशिला आफू जस्तै १५,००० शिक्षकमध्यकी एक शिक्षक हुन्, जसले कार्यक्रमबाट तालिम प्राप्त गरेकी छन् । उनले कक्षालाई अझै रोचक बनाउन कक्षा सुहाउँदा शैक्षणिक सामग्री पनि प्राप्त गरेकी छिन् । यो कार्यक्रमले नेपाल सरकारलाई १ करोडभन्दा बढी शैक्षणिक सामग्री र सन्दर्भ सामग्रीहरूको विकास, छपाइ र वितरण गर्नमा सहयोग गरेको छ ।

यसै बिचमा, आफ्नो छोराको पढाइका बारेमा चिन्तित साजनकी आमा पशुपतीले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमद्वारा प्रशिक्षित “दौंतरी शिक्षक”बाट आफ्नो छोराको विद्यालयमा गएर आफ्ना चासोहरु व्यक्त गर्न सहयोग र उत्प्रेरणा पाइन् । उनका श्रीमान् एक प्रहरी अधिकृत भएकाले धेरैजसो काममा व्यस्त हुने हुँदा उनले आफ्ना दुवै छोराहरुको पढाइको पूरै जिम्मेवारी आफैलिएकी छिन् ।



पशुपती शिक्षक कौशिलासँग साजनको पढाइमा सुधार ल्याउने तरिकाहरुको बारे छलफल गर्न बेलाबखत विद्यालय जान थालिन् भने शिक्षक कौशिला पनि कहिलेकाहीँ आफ्नो घर फर्कँदा साजनको घर पसेर जान थालिन् ।





राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले दौँतरी शिक्षक तालिम तथा अन्य समुदाय परिचालन क्रियाकलापमार्फत, बालबालिकाको पढाइमा अभिभावकहरू र समुदायको संलग्नता वृद्धि गर्न उनीहरूसँग सहकार्य गर्दै आएको छ । यस कार्यक्रमले अभिभावकलाई बालबालिकाले पढेको सुन्न, उनीहरूका लागि पढेर सुनाउन, विद्यालयमा गएर उनीहरूको पढाइबारे बुझ्न, घरमा पढ्ने छुट्टटै स्थान (पढाइ कुना) बनाउन, र यस्तै विविध कार्यहरूका लागि अभिप्रेरित पनि गराएको छ ।

विद्यालयमा कौशिला साजनलाई कक्षा क्रियाकलापमा निर्धक्कसँग बोल्न उत्प्रेरित गर्न थालिन् । उनले विशेष गरी साजनको आत्मविश्वास सबल बनाउने अभ्यासहरुमा ध्यान दिन थालिन्। उनी भन्छिन्, "साजन एक चिन्तनशील बालक हो। उसले विचार नगरी यसै उत्तर दिँदैन। पूरै सोचविचार गरेर मात्र सही उत्तर दिने प्रयास गर्छ।"







साजनले सहज रूपमा अध्ययन गर्न र आफ्ना गृहकार्य गर्न सकोस् भनेर पशुपतीले घरमा एउटा पढाइ कुना पनि बनाइदिइन् ।

यसका साथै पशुपतीले साजनको अध्ययनमा सहयोग गर्न आफ्नो समय पनि छुट्ट्याउन थालिन् । उनले साजनलाई आफूलाई पाठ पढेर सुनाउन लगाउने र आफैपनि पाठ पढ्दै साजन र उनको सानो भाइलाई पनि सुनाउने गरिन् । पशुपती भन्छिन्, “जब मैले उसको पढाइमा रुचि राखेको कुराको उसले अनुभूति गऱ्यो, तब पढाइप्रति उसको रुचि झन् बढ्दै गयो।”





आफ्नो शिक्षकको निरन्तर प्रयास र अभिभावकको सहयोग पाएपछि, अब साजनले निकै राम्रो गतिले पाठ्यपुस्तक पढ्न सक्ने र नेपाली पनि निकै आत्मविश्वासका साथ बोल्न सक्ने भएको छ ।

कौशिला भन्छिन्, “वर्षको सुरुमा उसले एक मिनेटमा कनीकुथी ४० शब्द पढ्न सक्थ्यो भने हिजोआज एक मिनेटमा ८० शब्द सजिलै पढ्न सक्ने भएको छ। उसको नेपाली विषयमा भएको प्रगतिले अरु विषयमा पनि सहयोग पुगेको छ ।” उनी साजनको सुधार देखेर प्रफुल्लित छिन् र यसमा साजनको आमाको ठूलो भूमिका रहेको बताउँछिन् ।

सन् २०१४ मा युएसएआइडीको सहयोगमा राष्ट्रव्यापी रूपमा गरिएको मूल्याङ्कनअनुसार कक्षा ३ का पाँचमध्ये एक विद्यार्थीले आफ्नो पाठ्यसामग्रीबाट एक शब्द पनि पढ्न जान्दैनथे । तर कार्यक्रम लागु भएपछि विद्यार्थीको पढाइमा उल्लेखनीय सुधार आएको छ ।

राष्ट्रिय मापदण्डअनुसार, एक “राम्रो” मानिने पाठकले एक मिनेटमा नेपाली भाषामा ४५ शब्दहरू ठिकसँग पढ्न सक्ने र त्यसको ८० प्रतिशत बोध (सार बुझेको) हुनुपर्ने निर्धारण गरेको छ ।



“हाम्रो समुदायमा धेरैजसो अभिभावक विद्यालयमा गएर सोधखोज गर्न फुर्सद मिल्दैन भन्ने सोच्ने गर्छन्”, पशुपती भन्छिन्, “तर आफ्ना बालबालिका भनेका बहुमूल्य गहना हुन्, र केवल ५ मिनेटको समय दिएर तिनका शिक्षकहरूसँग संवाद गर्नाले पनि तिनको पढाइमा ठूलो फरक पार्न सक्छ ।”

शिक्षक कौशिला, पशुपतीले राख्ने चासो र चिन्ताले उनलाई अझै राम्रो शिक्षक हुन घच्घच्याएको बताउँदै अगाडि भन्छिन्, “शिक्षक र अभिभावकको सहकार्य भएमा विद्यार्थीले दुवैतिरबाट सहयोग पाउँछन् र उनीहरूको समग्र विकास हुन्छ ।”





साजन अझै जीवनका ठूला निर्णयहरू लिन सक्ने अवस्थामा पुगेको त छैन, यद्यपि उनले अहिलेदेखि नै चित्रकलामा आफ्नो कौशल प्रदर्शन गर्न थालिसकेका छन् । पशुपती भन्छिन्, "उसलाई भविष्यमा चित्रकार बन्ने इच्छा छ । उसले चित्रकलामा नै इमान्दारिताका साथ काम गर्ने इच्छा राख्छ भने म उसको सपना साकार पार्न हरदम तयार हुनेछु ।"

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमबाट शिक्षकलाई सहयोग र तालिम दिने बारे ५ दिने प्रशिक्षण प्राप्त गरेकी साजनको विद्यालयकी प्रधानाध्यापकले आवधिक रुपमा कक्षाहरूको समीक्षा र अवलोकन गर्ने गरेकी छिन्, र यो सकारात्मक परिवर्तन देख्दा उनी निकै खुसी छिन् ।



"बालबालिकाले आजभोलि परीक्षाको तनाव लिएको देखिँदैन । कार्यक्रमले वास्तवमै यस विद्यालयका विद्यार्थीमा पठन प्रवाह र बोधमा वृद्धि ल्याएको छ । यो कार्यक्रम सुरु हुनुभन्दा पहिले कक्षा ५ का विद्यार्थीलाई पढ्न गाह्रो लाग्ने किताबहरू, अचेल २, ३ कक्षाका विद्यार्थीले समेत पढ्न सक्ने भएका छन्," प्रधानाध्यापक सरिता चौधरी भन्छिन् ।

प्रारम्भिक कक्षामा सबल पठन सिप नै भविष्यमा उच्च उपलब्धिहरू हासिल गर्ने आधार भएको सन्दर्भमा कार्यक्रमले साजनजस्तै पढ्न मात्र हैन अरु सँगसँगै अघि बढ्न र सिकाइमा कठिनाइ हुने तथा नेपाली मातृभाषा नभएका अन्य बालबालिकाका लागि सफलताको मार्ग निर्माण गरिरहेको छ ।

स्थानीय नेतृत्वले कार्यक्रमको सकारात्मक प्रभाव देखेर यस कार्यक्रमलाई समर्थन र सहयोग गर्दै आएका छन्, जसले कौशिला र पशुपती जस्ता शिक्षक तथा अभिभावका प्रयत्नमा थप टेवा पुगेको छ ।

साजन आफ्नो अभिभावक र शिक्षकको सम्पूर्ण सहयोग र समर्थनमा खुसीसाथ साथीहरूसँग हाँस्दै खेल्दै सफल कलाकार बन्ने आफ्नो सपना बुन्दैछन् ।



अहिलेसम्म राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले प्रारम्भिक चरणमा लक्षित गरेका १६ जिल्लाहरूमा ५,५०,००० भन्दा बढी विद्यार्थीहरूलाई प्रत्यक्ष लाभ पुऱ्याएको छ, जसमध्ये ५० प्रतिशतभन्दा बढी छात्रा छन् । भविष्यमा ७७ जिल्लामै विस्तार गरिने यस कार्यक्रमद्वारा साजन जस्ता कैयौँ बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने छ ।



*"यस कार्यक्रमको सुरुवातसँगै, मैले कक्षाकोठाहरू अझै राम्ररी व्यवस्थित भएको महसुस गरेको छु । शिक्षकहरू अझै जानकार र प्रशिक्षित भएका छन् र अभिभावकहरूले पनि बिस्तारै आफ्ना छोराछोरीको शिक्षामा आफ्नो संलग्नताको महत्त्व बोध गर्न थालेका छन् । फलस्वरुप, बालबालिकाहरूको पठनसिपमा प्रशस्त प्रगति भएको छ ।"*

सिद्धराज जोशी,
प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा,
लालझाडी गाउँपालिका



*"राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको थालनीसँगै विद्यालयहरूमा पर्याप्त शिक्षण सिकाइ सामग्रीहरू पुग्न थालेका छन् । यो कुराको सही उपयोग गर्न सकियो भने निश्चित रुपमा बालबालिकाको पढाइ क्षमतामा सुधार आयाउने छ । शिक्षणको यो प्रारूपलाई निरन्तरता दिनका लागि हामीले स्थानीय अधिकारीहरुसँग पनि समन्वय गरेका छौं र उहाँहरुबाट पनि यसका लागि बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त भइसकेको छ ।"*

भरतबाबु सुबेदी
प्रमुख, शिक्षा विकास तथा समन्वय एकाई,
कञ्चनपुर



*“राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमद्वारा छपाइ र वितरण गरिएका सन्दर्भ सामग्रीका कारण अधिकांश बालबालिका विद्यालय जान र आउने गरेका छन् । हामीले भौतिक पूर्वाधार भन्दा शिक्षामा ध्यान केन्द्रित गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग पनि छलफल सुरु गरिसकेका छौं । सबै प्रधानाध्यापकहरुसँग विचार विमर्श गरेर, आगामी वर्षका लागि बजेट विनियोजन गर्ने योजना बनाएका छौं ।”*

मदनसेन बडायक,
प्रमुख, लालझाडी गाउँपालिका

*पहिलो चरणका १६ जिल्लाहरुमा सञ्चालित, स्थानीय सरकारका प्रतिनिधिहरुको अभिमुखीकरण कार्यक्रमबाट, सरकारको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको लक्ष्यका बारे उहाँहरुलाई बुझ्न र त्यसलाई समुदायसम्म लैजान राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अत्यन्तै महत्वपूर्ण भूमिका रहेको थियो ।*

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका, काठमाडौं, नेपाल, सम्पर्क: ९७७-०१-४००१०१३

यो सामग्री अमेरिकि अन्तराष्ट्रिय बिकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगबाट तयार पारिएको हो । यस सामग्रीमा समेटिएका विषयवस्तु प्रारम्भिक क्रक्षा पढाइ कार्यक्रमका एकल जिम्मेवेरी हुन् र तिनले युएसआइडी वा अमेरिकी सरकारको विचारको प्रतिनिधित्व गर्छन् भन्ने जरुरी छैन ।